मिति २०८२-०३-२३

# प्रेस विज्ञप्ति

## चिकित्सकको व्यावसायिक सुरक्षा, कानुनी सुधार र बिरामीको हितका लागि NDAN केन्द्रीय समितिबाट १० बुँदे निर्णय

राष्ट्रिय चिकित्सक संघ, नेपाल(NDAN) को केन्द्रीय समितिको आकस्मिक बैठकले वर्तमान समयको संवेदनशील स्वास्थ्य तथा कानुनी चुनौतीहरूलाई गम्भीरतापूर्वक मनन गर्दै चिकित्सा पेशाको गरिमा, बिरामीको हक हित, र चिकित्सा अभ्यासका लागि १० बुँदे महत्त्वपूर्ण निर्णयहरू पारित गरेको छ।

बैठकले हालका उपभोक्ता संरक्षण ऐन अन्तर्गतका विवाद, र अदालतका फैसलाहरूको सन्दर्भमा चिकित्सक समुदाय गम्भीर चुनौतीको सामना गरिरहेको स्वीकार गर्दै चिकित्सा अभ्यासमा स्पष्ट कानुनी संरचना, व्यावसायिक सम्मान र बिरामीको सुरक्षालाई सुनिश्चित गर्ने रणनीति अगाडि सारेको छ।

यस्तो चुनौतीपूर्ण परिवेशमा, परिवर्तनको आवश्यकता केवल कानुनमा मात्र सीमित छैन, यसले सेवा संरचना, संस्थागत आचरण, र चिकित्सकीय अभ्यासका बृहत् आयामहरूमा समेत हस्तक्षेप गर्नुपर्छ। स्वास्थ्य सेवा प्रणालीमा सुधार एक दिनमा हुने उपलब्धि होइन, यो एक दीर्घकालीन यात्रा हो, जसमा नीति निर्माण, संस्थागत सुधार, र चिकित्सकीय निष्ठा एकआपसमा जोडिन आवश्यक छ।

चिकित्सा सेवा दिने चिकित्सकहरू अहिले जटिल कानुनी वातावरणमा कार्यरत छन्। उपभोक्ता संरक्षण ऐन उपचारको नियत, सेवा सन्दर्भ, र देशको स्वास्थ्य प्रणालीको वास्तविकता नबुझी गरिएका केही फैसलाहरूले चिकित्सक मात्र होइन, सम्पूर्ण स्वास्थ्य सेवा प्रणालीलाई नै अन्योलमा पारेका छन्।

यस सन्दर्भमा NDAN को केन्द्रीय समितिले दीर्घकालीन सुधारका उपायहरू प्रस्तुत गर्दै निम्न बुँदाहरू पारित गरेको छः

### १. नीतिगत पहल र कानुनी सुधार

नेपालको वर्तमान कानुनी संरचनामा चिकित्सा सेवा सम्बन्धी उत्तरदायित्व, नियमन र अधिकारको विषयमा अस्पष्टता रहँदै आएको छ। यसका कारण चिकित्सकहरू अनावश्यक कानुनी जोखिममा पर्ने अवस्था उत्पन्न भइरहेको छ। यस सन्दर्भमा NDAN लेः

• उपभोक्ता संरक्षण ऐन २०७५, मुलुकी ऐन, फौजदारी कानुन, तथा नागरिक टोर्ट कानुन बीचको अन्तर्सम्बन्ध स्पष्ट पार्ने उद्देश्यले एक औपचारिक श्वेतपत्र तयार गर्नेछ।

• चिकित्सा अभ्यासको संवेदनशीलता, बिरामीको अवस्था, सूचना प्रवाह र देशको संरचनागत सीमाहरूलाई ध्यानमा राख्दै Informed Consent and Medical Responsibility ऐन निर्माणको लागि सरकारसँग पहल गरिनेछ। यस ऐनले चिकित्सक र बिरामी दुवैको हक र उत्तरदायित्वलाई स्पष्ट रूपमा परिभाषित गर्नेछ।

## २. इन्डेम्निटी बीमाको प्रभावकारी कार्यान्वयन

चिकित्सकहरूलाई सेवा दिँदा उत्पन्न हुने अनपेक्षित कानुनी जोखिमबाट सुरक्षित राख्नका लागि Medical Indemnity Insurance एक अत्यावश्यक सुरक्षा प्रणाली हो। NDAN लेः

• नेपाल सरकारद्वारा स्वास्थ्यकर्मी र स्वास्थ्यसंस्थाको सुरक्षा सम्बन्धि ऐनमा समावेश भएको यो बीमालाई यथाशीघ्र कार्यान्वयनमा ल्याउने र देशभर उपलब्ध गराउने माग गर्दछ।

• बीमाको प्रिमियम योगदानमा सरकार, अस्पतालहरू, र बीमा कम्पनीहरू बीच समानुपातिक उत्तरदायित्व तोकिएर सबै पक्षको सहभागिता सुनिश्चित गरिनुपर्ने NDAN को स्पष्ट धारणा छ।

## ३. चिकित्सकहरूको कानुनी सशक्तीकरण र शिक्षा

चिकित्सा अभ्यास अब केवल वैज्ञानिक दक्षतामात्र होइन, कानुनी साक्षरताको पनि आवश्यकता रहेको छ। चिकित्सकहरूलाई सुरक्षित र जिम्मेवार सेवा अभ्यासका लागि आवश्यक कानुनी जानकारी, नैतिक ज्ञान र व्यवहारिक सिप विकास गर्न NDAN प्रतिबद्ध छ। यस सन्दर्भमाः

• चिकित्सक, कानुनविद् र चिकित्सा नैतिकताविद्हरू समावेश भएको स्वास्थ्य कानुन सल्लाहकार समिति गठन गरिनेछ।

• चिकित्सकहरूका लागि व्यवस्थित शिक्षा प्याकेज तयार गरिनेछ, जसमा सुसुचित मंजुरिनामा/सहमति (Informed Consent), दस्तावेजीकरण (Documentation) , बिरामीसँगको प्रभावकारी संवाद, कानुनी प्रक्रिया र पेशागत उत्तरदायित्वका विषय समेटिनेछन्।

## ४. न्यायोचित क्षतिपूर्ति निर्धारण संरचना निर्माण

चिकित्सकहरूलाई दण्डित गर्ने प्रक्रिया निष्पक्ष र विवेकसम्मत हुनु अत्यन्त आवश्यक छ। NDAN को मतमा क्षतिपूर्तिको निर्धारण मनोगत होइन, कानुनी सिद्धान्तमा आधारित हुनुपर्छ। त्यसैले NDAN ले:

• नियत (intent), हानि (harm), पूर्वानुमानयोग्यता (foreseeability), र बिरामीको सहभागिता वा लापरवाही (जस्तैः लक्षण लुकाउने, नियमितता नमान्ने) जस्ता कारकहरूलाई मापन गर्ने तथ्यपरक क्षतिपूर्ति संरचना निर्माणका लागि संसद र न्यायालयसँग पहल गर्नेछ।

• यस प्रक्रियामा विशेषज्ञ चिकित्सकहरूको पक्षपातरहित, प्रमाणमा आधारित राय अनिवार्य रूपमा परामर्शस्वरूप लिनुपर्ने व्यवस्था माग गर्नेछ।

## ५. न्यायिक फैसलाको समिक्षा र नीतिगत दस्तावेज निर्माण

चिकित्सा पेशामाथि भएका फैसलाहरूको समग्र अध्ययनले दीर्घकालीन सुधारका आधार तयार गर्न सक्छ। NDAN लेः

• विगतमा भएका चिकित्सा लापरबाही सम्बन्धी न्यायिक निर्णयहरूको समिक्षा गर्न विशेष कार्यदल (Special Task Force) गठन गर्नेछ।

• सो विश्लेषणको आधारमा नीति निर्माताहरूलाई प्रस्तुत गर्न सकिने प्रमाण—आधारित सिफारिसहरू तयार पारिनेछ।

• विभिन्न विशेषज्ञ समाजहरूसँग समन्वय गरी राष्ट्रिय चिकित्सा मापदण्ड (Standard Protocols), कागजातिकरण विधि(Documentation) , र सञ्चार निर्देशिका(Communication Guidelines and Toos) विकासमा अग्रसर हुनेछ।

## ६. सुरक्षित र सम्मानजनक पेशागत वातावरणको प्रत्याभूति

चिकित्सकको सेवा प्रभावकारिता उनको सीप मात्र होइन, उनको कार्य वातावरणमा निर्भर हुन्छ। NDAN ले यस्तो वातावरण निर्माण गर्न निम्न बुँदाहरू अघि सारेको छः

• एक चिकित्सकले हेर्नुपर्ने दैनिक बिरामीको संख्या, शल्यक्रियाको संख्या, र कार्य समय व्यावसायिक सीमा तोक्नुपर्ने ।

• चिकित्सकीय अभ्यास सम्बन्धि शुल्कहरू समयसापेक्ष रुपमा मूल्य समायोजन गरी सेवा निरन्तरता र गुणस्तर सन्तुलन कायम गरिनु पर्ने।

• प्रयोगशाला, अत्यावश्यक औषधिको गुणस्तर सरकारले सुनिश्चितत गर्नु पर्ने ।

**७. मर्यादित विरोध कार्यक्रम र जनभावनाको सम्मान**

स्वास्थ्य सेवा एक संवेदनशील सेवा हो, जसले प्रत्येक नागरिकको जीवनसँग प्रत्यक्ष सरोकार राख्छ। NDAN ले कुनै पनि विरोध कार्यक्रम गर्दा निम्न मूल्य—मान्यतालाई कायम राख्नेछः

• विरोधका सबै कार्यक्रम शान्तिपूर्ण, मर्यादित र प्रतीकात्मक हुनेछन् (कालोपट्टी लगाउने, मौन धर्ना, जनचेतना ¥याली आदि)।

• कुनै पनि आकश्मिक सेवा अवरोध नहुने सुनिश्चित गरिनेछ, ताकि आमनागरिकको स्वास्थ्यमा प्रतिकूल असर नपरोस्।

• न्यायिक संस्थाहरूको गरिमा र स्वतन्त्रताको सम्मान गरिनेछ।

**८. संस्थागत सहकार्य र साझा प्रतिबद्धता**

चिकित्सा सेवा सुधार एकल संस्थाको प्रयासबाट सम्भव छैन। यसका लागि NDAN ले बहुपक्षीय सहकार्यका निम्न कदमहरू अघि बढाउनेछः

• नेपाल मेडिकल एशोसिएशन (NMA) सँग पारदर्शी कार्ययोजना र साझा उद्देश्यका आधारमा रणनीतिक साझेदारी गहिरो बनाइनेछ। NMA तय गरेको विरोधक कार्यक्रममा NDAN को ऐकेवद्दता रहेनेछ।

• चिकित्सा नैतिकता, उत्तरदायित्व र सेवा सुधारबारे बहस उठाउन राजनीतिक दल, नागरिक समाज, तथा सञ्चार क्षेत्रसँग सशक्त संवादको थालनी गरिनेछ।

• NDAN को रणनीतिक क्षमतामा विविधता र समावेशिता थप गर्न पूर्वपदाधिकारीहरू, क्षेत्रीय प्रतिनिधिहरू, र प्रतिष्ठित विज्ञहरूलाई बैठकमा समावेश गर्ने निर्णय गरिएको छ।

**९. न्यायिक प्रक्रियामा चिकित्सा विशेषज्ञताको सम्मान अनिवार्य गर्ने**

न्यायिक निर्णयको विश्वसनीयता तबा स्थापित हुन्छ, जब त्यसमा विषयगत विशेषज्ञताको भूमिका सुनिश्चित गरिन्छ। यस सन्दर्भमा NDAN लेः

• अदालतमा नेपाल मेडिकल काउन्सिल मार्फत वा मेडिकल ट्राईब्युनल मार्फत चिकित्सा विशेषज्ञ राय अनिवार्य रूपमा परामर्शस्वरूप समावेश गरिनुपर्ने र सो रायलाई पर्याप्त सम्मान नगरी गरिएको निर्णय वैधानिक कमजोरी ठहरिने अवधारणालाई संस्थागत बनाउन पहल गर्नेछ।

• नेपालको सन्दर्भ अनुकूल चरणबद्ध रूपमा अन्तर्राष्ट्रिय मान्यताप्राप्त न्यूनतम सेवा मापदण्डहरू लागू गर्ने दीर्घकालीन रोडम्याप तयार गर्नेछ।

**१०. बिरामी सुरक्षामा चिकित्सकको अग्रसर भूमिकाः नैतिक नेतृत्वको प्रतिबद्धता**

NDAN को विश्वास छ कि चिकित्सकहरू बिरामी सुरक्षाका प्राकृतिक संरक्षक हुन्। उनीहरूलाई मात्र बिरामीको अवस्था, जोखिम, र उपचारको अन्तरसम्बन्धबारे समग्र दृष्टिकोण हुन्छ।

• यदि चिकित्सकहरूले यो भूमिका सक्रियतापूर्वक वहन गरेनन् भने, अन्य व्यावसायिक वा स्वार्थप्रेरित समूहहरूले त्यसको स्थान लिनेछन् जसले दीर्घकालीन रुपमा बिरामीलाइ नै प्रतिकूल असर पर्नेछ।

• चिकित्सा समुदायले नैतिकता, सेवा, पारदर्शिता र न्याय को अग्रगामी नेतृत्व लिनैपर्छ। बिरामीको सुरक्षा र भरोसा नै चिकित्सा पेशाको मूल अस्तित्व हो।

NDAN स्पष्ट रुपमा भन्न चाहन्छः हामी बिरामीको अधिकार र हितका पक्षमा दृढ छौं, तर चिकित्सकहरूलाई आधारहीन आरोप र कानुनी उत्पीडनको सन्दर्भमा चुप लागेर बस्ने पक्षमा छैनौं। NDAN नेपाल मेडिकल एसोसिएसन (NMA) सगै उभिएको छ। चिकित्सा पेशाको गरिमा, सुरक्षा र न्याय सुनिश्चित गर्न हामी आफ्ना सम्पूर्ण साधन, सञ्जाल र सामूहिक क्षमताको अधिकतम उपयोग गर्दै नीतिगत तहमा सशक्त र निर्णायक संघर्षको बाटोमा दृढतापूर्वक अघि बढ्नेछौ ।

डा. अरुण उप्रेती
प्रवक्ता
राष्ट्रिय चिकित्सक संघ, नेपाल